# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) हेटौंडा, नेपाल, असार २ गते, २०७९ साल (सङ्ख्या ७

## भाग २

## बागमती प्रदेश सरकार

## स्वास्थ्य मन्त्रालय

## हेटौंडा, नेपालको

## सूचना

### प्रदेश स्वास्थ्य सेवा (पहिलो संशोधन) नियमावली, २०७९

प्रदेश स्वास्थ्य सेवा नियमावली, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ को दफा ८५ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस नियमावलीको नाम "प्रदेश स्वास्थ्य सेवा (पहिलो संशोधन) नियमावली, २०७९" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>प्रदेश स्वास्थ्य सेवा नियमावली, २०७६ को नियम २ मा संशोधनः</u>** प्रदेश स्वास्थ्य सेवा नियमावली, २०७६ (यस पछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ञ) मा रहेको "सम्झनु पर्छ ।" भन्ने शब्दहरु पछि "सो शब्दले आयुर्वेद चिकित्सा र वैदेशिक रोजगारमा जाने व्यक्तिको स्वास्थ्य परीक्षण गर्ने प्रयोजनका लागि इजाजत प्राप्त तीन वा सो भन्दा बढी सेवा प्रदान गर्ने स्वास्थ्य संस्था समेतलाई जनाउँछ।" भन्ने शब्दहरु थपिएका छन् ।

३. **<u>मूल नियमावलीको नियम ५ मा संशोधन</u>**: मूल नियमावलीको नियम ५ को उपनियम (२) हटाइएको छ ।

४. **<u>मूल नियमावलीको नियम ११ मा संशोधन</u>**: (१) मूल नियमावलीको नियम ११ कोः-

(क) उपनियम (१३) कोः-

(१) खण्ड (ढ) को उपखण्ड (२) र उपखण्ड (३) हटाइएको छ ।

(२) खण्ड (ण) को उपखण्ड (७) मा रहेको "अस्पताल भवनको कुल निर्माण क्षेत्रफल" को सट्टा "अस्पतालको क्षेत्रफल" भन्ने शब्दहरु राखिएका छन् ।

(३) खण्ड (ण) को उपखण्ड (८) हटाइएको छ ।

(ख) उपनियम (१४) कोः-

(१) खण्ड (क) मा रहेको "वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियामावली, २०५४ बमोजिम" शब्दहरुको सट्टा "प्रदेशको

वातावरण संरक्षण ऐन, २०७७ र सो बमोजिम बनेका नियमावली" भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (ग) पछि देहाय बमोजिमको खण्ड (घ) थप गरिएको छ :-

"(घ) अस्पतालले ओगटेको ५% क्षेत्रफलमा ग्रीन वेल्ट हुनु पर्नेछ ।"

५. **<u>मूल नियमावलीको नियम १६ मा संशोधन</u>**ः मूल नियमावलीको नियम १६ को सट्टा देहाय बमोजिम नियम १६ राखिएको छः-

"१६. **<u>स्वास्थ्य संस्थाको गुणस्तर र मापदण्ड सम्बन्धी अनुगमन एवं नियमन</u>**ः (१) ऐनको दफा १९ बमोजिम स्वास्थ्य संस्थाले आफूले प्रदान गरेको सेवाको ऐन र यस नियमावलीमा तोकिए बमोजिमको गुणस्तर भए वा नभएको सम्बन्धमा अनुसूची-५ बमोजिमको ढाँचामा स्वःमूल्याङ्कन गरी आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र स्वःमूल्याङ्कन प्रतिवेदन फाराम मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(२) ऐनको दफा ९ को व्यवस्था बमोजिम स्वास्थ्य संस्थाको दर्ता, सञ्चालन, अनुमति, नवीकरण र नियमन गर्नका लागि अनुसूची-५ बमोजिम स्वःमूल्याङ्कन फारामलाई चेक लिस्टको रूपमा प्रयोग गरी मन्त्रालय र मातहतका निकायले स्वास्थ्य संस्थाको अनुगमन गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम अनुगमन गर्नको लागि अनुसूची-५ बमोजिमको स्वःमूल्याङ्कन फाराममा नसमेटिएको कुनै विषय वा मापदण्ड भएमा सो सहितको

स्वास्थ्य संस्था अनुगमन तथा नियमन चेक लिस्ट मन्त्रालयले तयार गरी स्वीकृत गरे बमोजिम हुनेछ ।

(४) ऐनको दफा २० बमोजिम स्वास्थ्य संस्थाले ऐन र यस नियमावली बमोजिमको स्वास्थ्य संस्था तथा सेवा सञ्चालन, पूर्वाधार, मानव संशोधन, औजार उपकरण लगायतको गुणस्तर र मापदण्ड बमोजिम स्वास्थ्य संस्था सञ्चालन गरे वा नगरेको तथा सेवा प्रदान गरे वा नगरेको सम्बन्धमा इजाजत पत्र दिने निकायले स्वास्थ्य संस्थाको गुणस्तर र मापदण्ड अनुगमन र नियमन गर्नु पर्नेछ।

(५) ऐन तथा यस नियमावली बमोजिम इजाजत लिई सञ्चालन भएका स्वास्थ्य संस्थाको गुणस्तर र मापदण्ड निरीक्षण, अनुगमन र नियमन गर्ने प्रयोजनका लागि प्रदेशका हरेक जिल्लामा स्वास्थ्यको सम्बन्धित क्षेत्रमा योग्यता र अनुभव प्राप्त गरेका मन्त्रालय मातहतका निकायका स्वास्थ्यकर्मीलाई मन्त्रालयले जनस्वास्थ्य निरीक्षकको रुपमा तोक्न सक्नेछ।

(६) उपनियम (५) बमोजिम तोकिएका जनस्वास्थ्य निरीक्षकले स्थानीय तहबाट स्वास्थ्य संस्था सञ्चालन इजाजत पत्र दिएका स्वास्थ्य संस्थाको समेत अनुगमन गर्न सक्नेछ।"

६. **मूल नियमावलीको परिच्छेद-७ मा संशोधनः** मूल नियमावलीको परिच्छेद-७ को शीर्षकको सट्टा देहाय बमोजिमको शीर्षक राखिएको छः-

"परिच्छेद-७

**प्रदेश स्वास्थ्य अनुसन्धान, आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी व्यवस्था"**

७. **मूल नियमावलीको नियम ४० पछि ४०क. थपः** मूल नियमावलीको नियम ४० पछि देहाय बमोजिमको नियम ४०क. थप गरिएको छः-

"४०क. **प्रदेश स्वास्थ्य अनुसन्धान समितिको काम, कर्तव्य र अधिकारः** (१) ऐनको दफा ५७ बमोजिम गठन भएको प्रदेश स्वास्थ्य अनुसन्धान समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्वास्थ्य सेवा सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको आवश्यकता र संशोधन सम्बन्धमा अध्ययन अनुसन्धान गरी मन्त्रालयलाई सुझाव दिने,

(ख) स्वास्थ्य क्षेत्रको विकासका लागि योजना तर्जुमा, कार्यान्वयन र अनुगमन सम्बन्धमा अध्ययन, अनुसन्धान गरी मन्त्रालयलाई सुझाव दिने,

(ग) स्वास्थ्य सेवा सम्बन्धी प्रयोगात्मक, क्लिनिकल लगायतका अध्ययन तथा अनुसन्धान गर्ने,

(घ) स्वास्थ्य सम्बन्धी आर्थिक अध्ययन तथा अनुसन्धान गर्ने,

(ङ) जनसङ्ख्या, बसाईसराई र परिवार नियोजन सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने,

(च) स्वास्थ्य तथा जनसंख्या र बसाईसराई सम्बन्धी अध्ययन तथा अनुसन्धानको नियमन गर्न सहयोग गर्ने,

(छ) स्वास्थ्य क्षेत्रसँग सम्बन्धित मन्त्रालयले तोकेका अन्य विषयमा अध्ययन तथा अनुसन्धान सम्बन्धी अन्य कार्यहरु गर्ने ।

(२) प्रदेश स्वास्थ्य अनुसन्धान समितिले उपनियम(१) बमोजिमको अध्ययन, अनुसन्धान र सुझावको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।"

८. **मूल नियमावलीको अनुसूचीमा संशोधनः** मूल नियमावलीको अनुसूची-३ को सट्टा देहायको अनुसूची-३ राखिएको छः-

"अनुसूची-३

नियम ६ र नियम ७ को उपनियम (१) सँग सम्बन्धित)

**शुल्क/दस्तुर रकम सम्बन्धी व्यवस्था**

| क्र. सं. | स्वास्थ्य संस्थाको किसिम | इकाई | आशय पत्र (रु.) | अनुमति/इजाजत पत्र (रु.) | नवीकरण (रु.) |
|---|---|---|---|---|---|
| १. | प्राथमिक (Primary) सेवा अस्पताल | प्रतिशैया | ५०० | १५०० | ५०० |
| २. | द्वितीय श्रेणीको (Secondary) सेवा अस्पताल | प्रतिशैया | ६२५ | २००० | ७५० |
| ३. | तृतीय श्रेणीको (Tertiary) सेवा अस्पताल | प्रतिशैया | ७५० | ३००० | १००० |
| ४. | आयुर्वेद, वैकल्पिक चिकित्सा, युनानी, होमियोप्याथी र आम्ची अस्पताल | प्रति अस्पताल | ५०० | १५०० | ५०० |
| ५. | प्रतिष्ठान तथा शिक्षण संस्था | प्रति शैया | १००० | ४००० | १५०० |
| ६. | क्लिनिकल प्रयोगशाला | ई वर्गको | - | १०००० | ३००० |
| | | डी वर्गको | - | १३००० | ५००० |
| | | सि वर्गको | ५०० | १५००० | ७००० |
| | | बि वर्गको | ५०० | २०००० | ९००० |
| | | ए वर्गको | १००० | ३०००० | ११००० |
| ७. | पोलिक्लिनिक, विशेषज्ञ क्लिनिक, डेन्टल क्लिनिक, | प्रति सेवा | ५०० | १०००० | १००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | मेडिकल, आँखा उपचार केन्द्र लगायतका विशेषज्ञ सेवाहरु | | | | |
| ८. | फार्मेसी | औषधि दर्ता नियमावली अनुसार | | | |
| ९. | लेन्सयुक्त चस्मा पसल | प्रति पसल | - | ५००० | १००० |
| १०. | आयुर्वेद तथा बैकल्पिक चिकित्सा विशेषज्ञ तथा पोलिक्लिनिक सेवा | प्रति सेवा | ५०० | ३००० | १००० |
| ११. | ख बर्गको रेडियो ईमेजिङ्ग सेन्टर/एलाईड हेल्थ सेवा | | | | |
| | (क) सि टि स्क्यान (CT Scan) | प्रति सेवा | २००० | २५००० | १०००० |
| | (ख) एक्सरे (X-ray) | प्रति सेवा | १००० | १०००० | ५००० |
| | (ग) यु एस जी (USG) | प्रति सेवा | १००० | १०००० | ५००० |
| | (घ) ईको (ECHO) | प्रति सेवा | १००० | १०००० | ५००० |
| | (ङ) ईसीजी (ECG) | प्रति सेवा | ५०० | ५००० | २००० |
| १२. | डाईलाईसिस केन्द्र | प्रति शैया | १००० | २००० | १००० |
| १३. | पुनस्थापना केन्द्र | प्रति शैया | ५०० | १००० | १५०० |
| १४. | हस्पिस सेन्टर | प्रति सेवा | ५०० | १००० | १५०० |
| १५. | सुरक्षित गर्भपतन सेवा | प्रति सेवा | ५०० | १०००० | १००० |
| १६. | खोप सेवा, परिवार नियोजन सेवा लगायतका जनस्वास्थ्य सम्बन्धी सेवा | प्राविधिक समितिको सिफारिसमा मन्त्रालयले तोके बमोजिम हुने । | | | |

| | | |
|---|---|---|
| १७. | विशेषज्ञ स्वास्थ्य शिविर | प्राविधिक समितिको सिफारिसमा मन्त्रालयले तोके बमोजिम हुने |
| १८. | अनलाइन तथा आफलाइन स्वास्थ्य सेवा | प्राविधिक समितिको सिफारिसमा मन्त्रालयले तोके बमोजिम हुने । |
| १९. | दूर चिकित्सा सेवा | प्राविधिक समितिको सिफारिसमा मन्त्रालयले तोके बमोजिम हुने ।" |

**आज्ञाले,**

**बद्री बहादुर खड्का**

**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।

मूल्य रु. १०।-